get ready QUEENSLAND

# चेतावनीहरू सुन्दै गर्नुहोस्!

Queensland Government

**क्वीन्सल्याण्डमा हामी अद्भुत मौसम र जीवन शैलीको आनन्द लिन पाउछौं। तथापि, आँधी, भुँवरी, र बाढ जस्ता प्राकृतिक प्रकोपहरू हामो वातावरणको एउटा अपरिहार्य अङ्ग बनेको छ। इतिहासले देखाए अनुसार, यिनीहरूबाट उत्पन्न खतराका सम्बन्धमा हामी शान्त भएर बस्ने जोखिम उठाउन सक्दैनौं।**

अहिले नै निम्न कुराहरू गरि आपातकालीन स्थितिहरूका लागि तयार रहनुहोस्:

- तपाईंको आपातकालीन योजना तयार गर्ने
- तपाईंको आपातकालीन किट तयार गर्ने
- तपाईंको घर तयार गर्ने
- चेतावनीहरू सुन्दै गर्ने

आपातकालीन स्थिति सेवाले अत्याधिक खराब मौसम तथा पारिवारिक स्तरमा तयारी र कार्यवाहीको जरुरत पर्ने अन्य आपातकालीन स्थितिका बारेमा समुदायलाई चेतावनी दिन विभिन्न प्रणालीहरूको प्रयोग गर्छ। चेतावनी जारी हुँदा तपाईंलाई निम्न अनुसार गर्ने निर्देशन दिइन सकिन्छ:

- तयारीलाई अन्तिम रुप दिने
- तपाईंको घर वरिपरिका वस्तुहरूलाई सुरक्षित बाँध्ने
- तपाईंको आपातकालीन योजना चालु गर्ने
- कतै ओत लाग्ने, अथवा
- तपाईंको पूर्व निर्धारित सुरक्षित ठाउँमा घर छोडेर जाने (इभ्याक्यूएशन गर्ने)

**चेतावनीहरू जरुरी हुन्छन्** - जानकारी पाएपछि तपाईंले तुरुन्तै केही गरि हाल्नु पर्छ

## 1. सुन्दै गर्नुहोस्:

- मौसम तथा चेतावनी सम्बन्धी अद्यावधिक जानकारी सुन्दै गर्नलाई तपाईंको ब्याट्रीले चल्ने रेडियोलाई तपाईंको स्थानीय ABC रेडियो स्टेशन अथवा तपाईंको स्थानीय व्यावसायिक रेडियो स्टेशनमा लगाउनुहोस्।
- आफ्नो टेलिभिजनमा तपाईंको स्थानीय स्टेशन लगाएर चेतावनी सम्बन्धी अद्यावधिक जानकारी सुन्ने वा हेर्ने गर्नुहोस्।

**चेतावनीहरू जरुरी हुन्छन् - जानकारी पाएपछि तपाईंले तुरुन्तै केही गरि हाल्नु पर्छ**
**जुन सुकै आपातकालीन स्थिति भएपनि, तपाईंले...**
**रेडियो सुन्ने... वेबसाईट हेर्ने...सुन्दै गर्ने र तुरुन्तै कदम चाल्ने!**

## 2. वेबसाइट हेर्नुहोस्:

- मौसमको ताजा खबर, मौसमको चेतावनी तथा सुनामीको चेतावनीबारे जानकारीका लागि मौसम विभागको वेबसाइट www.bom.gov.au.
- तयारीबारे जानकारी, आपातकालीन चेताबनी तथा प्रकोपका घटनाहरूबारेको ताजाको खबरका लागि क्वीन्सल्याण्ड प्रकोप व्यवस्थापन सेवाको वेबसाइट www.disaster.qld.gov.au
- घर छोड्ने (इभ्याक्यूएशन) जानकारी तथा मार्ग लगायतका स्थानीय आपातकालीन व्यवस्थापन योजनाहरू तथा व्यवस्थाबारे जानकारीका लागि तपाईंको स्थानीय परिषदको वेबसाइटwww.dip.qld.gov.au/local-government-directory.html

## 3. सुन्दै गर्नुहोस्:

- गम्भीर चेतावनी पूर्व सामान्य आपातकालीन चेतावनी सङ्केत (SEWS) का लागि।
- आपातकालीन चेतावनी सन्देशका लागि ल्याण्डलाईन फोनमा सुन्ने तथा तपाईंको मोबाइल फोनमा हेर्ने तेक्स सन्देशका लागि।
- परामर्श तथा अद्यावधिक जानकारी सुन्न स्थानीय सामुदायिक सुरक्षा उद्घोषण (रेडियो तथा टेलिभिजनमा) का लागि।
- केही परिस्थितिहरूमा आपातकालीन सेवाले प्रयोग गर्ने साइरेन र लाउडस्पीकरको उद्घोषणहरूका लागि।
- चेतावनी सुनाउन तपाईंको स्थानीय क्षेत्रमा आउन सक्ने आपातकालीन सेवा कर्मचारीहरूका लागि।
- मौसमको चेतावनी सम्बन्धी फोनबारे थप जानकारीका लागि:

  QLD ट्रपिकल साइक्लोन चेतावनी:
  1300 659 212

  QLD भू मौसम तथा बाढी चेतावनी:
  1300 659 219

  QLD तटीय समुन्द्री चेतावनी:
  1300 360 427

  अस्ट्रेलियाइ सुनामी खतराको जानकारी:
  (1300 TSUNAMI)
  1300 878 6264
  QLD सामान्य चेतावनी
  1900 969 922 (फोनको पैसा लाग्छ)

## 4. र कदम चाल्नुहोस्:

- उपलब्ध सुझाव अनुसार तुरन्तै कदम चाल्नुहोस्
- सम्पूर्ण घरका सदस्यहरू चेतावनी र उपलब्ध सुझावबारे अवगत हुनुपर्छ। विशेष सहयोगको जरुरत पर्न सक्ने छिमेकी तथा साथीहरूको विचार गर्नुहोस्।
- तपाईंको पारिवारिक आपातकालीन योजना चालु गर्ने
- तपाईंको आपातकालीन किट खोजेर साथमा लिनुहोस्।
- आवश्यक परेमा तपाईंको इभ्याक्यूएशन व्यवस्थाहरू चालु गर्नुहोस्।

यदि तपाईं क्वीन्सल्याण्ड, वा अर्को राज्यमा जानु हुँदैछ वा बिदामा हुनुहुन्छ भने, र आश्रय लिने इष्टमित्र छैनन् भने, इभ्याक्यूएशनका विकल्पहरू पत्ता लगाउन आफ्नो बसोबास प्रबन्धक (एकमोडेशन म्यानेजर) लाई सम्पर्क गर्नुहोस्।

### EMERGENCY ALERT.
### BE WARNED. BE INFORMED.

आपातकालीन चेतावनी भनेको फोनद्वारा दिइने एउटा चेतावनी प्रणाली हो जसलाई अधिकारीहरूले समुदायमा चेतावनी सन्देश दिन प्रयोग गर्छन्।

ह्यान्डसेटको ठेगानाका आधारमा ल्याण्डलाईन फोन मार्फत श्रव्य सन्देश तथा बिलिङ ठेगानाका आधारमा मोबाइल फोनहरूमा टेक्स सन्देश पठाउन आपातकालीन चेतावनी प्रणालीको प्रयोग गर्न सकिन्छ।

यसलाई अत्याधिक खराब मौसम तथा डढेलो लगायतका वृहत प्रकारका आपातकालीन स्थितिहरूमा प्रयोग गरिन्छ। तपाईंले पाउने चेतावनी को लागि कुनै पैसा तिर्नु पर्दैन। मुख्य कुरा, तपाईंले आपातकालीन चेतावनी प्राप्त नगर्ने विकल्प रोज्न पाउनु हुँदैन।

यदि तपाईंले कुनै आपातकालीन चेतावनी प्राप्त गर्नु भएमा, उपलब्ध सूचनालाई ध्यानसँग सुनेर तत्काल केही गरि हाल्नु पर्छ। श्रव्य सन्देशहरू तपाईंले फोन राख्नु भएन भने पुनः दोहोरिने छ। तपाईंले तयारीलाई अन्तिम रुप दिने, तपाईंको घर वरिपरिको सर-सामानहरू बाँध्ने, कुनै ठाउँमा ओत लाग्ने अथवा आफ्नो पूर्व निर्धारित ठाउँमा इभ्याक्यूएशन गर्न शुरु गर्ने जस्ता निर्देशन पाउन सक्नु हुनेछ। थप जानकारीका लागि जानुहोस्: www.disaster.qld.gov.au/ea/emergencyalert.asp

### stop&listen
Standard Emergency Warning Signal

ठुलो आपातकालीन स्थितिहरूमा चेतावनी जारीगर्दा, सम्बन्धित निकायहरूले आपातकालीन स्थितिबारे सुचना उपलब्ध गर्नु पूर्व सामान्य आपातकालीन चेतावनी सङ्केत (SEWS)जारी गर्न सक्छन्।

SEWS भनेको गम्भीर आपातकालीन स्थिति जस्तै ठूलो भुँवरी, डढेलो, बाढी तथा आँधीमा अस्ट्रेलियामा सबैतिर प्रयोग गरिने चर्को साइरेनको आवाज हो। तपाईंले रेडियो, टेलिभिजन वा फोनबाट आपातकालीन चेतावनी सुन्नु भएपछि, त्यसपछि आउने सूचनालाई ध्यान दिएर सुन्नुहोस् र तत्काल दिइएको सल्लाह अनुसार कदम चाल्नु होस्।

SEWS सुन्न यहाँ जानुहोस्:

www.disaster.qld.gov.au/disasters/warning.asp






© 2013 Department of Community Safety

# चेतावनीहरू सुन्दै गर्नुहोस्!

**रेडियो सुन्ने, वेबसाइट हेर्ने, सुन्ने र कदम चाल्ने**

**सुन्दै गर्नुहोस्:**

मेरो स्थानीय रेडियो स्टेशन:______________________

मेरो स्थानीय TV स्टेशन:____________________

**वेबसाइट हेर्नु होस् :**

मौसम विभाग (BoM) www.bom.gov.au
विभाग - मेरो स्थानीय पृष्ठ:

______________________

क्वीन्सल्याण्ड प्रकोप व्यवस्थापन सेवा
www.disaster.qld.gov.au

मेरो स्थानीय परिषद वेबसाइट:

______________________

**सुन्दै गर्नुहोस्:**

www.disaster.qld.gov.au/disasters/warning.asp
www.disaster.qld.gov.au/EA/Emergencyalert.asp

विभाग - मेरो स्थानीय नम्बर:

______________________

सुनामी बारे जानकारी
1300 TSUNAMI (1300 878 6264)

**कदम चाल्नुहोस्:**

चेतावनीहरू अत्याधिक जरुरी हुन्छन्!
उपलब्ध सुझाव अनुसार तत्काल कदम चाल्नुहोस्।

आपातकालीन स्थितिहरूका लागि तयार रहने सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् :
www.disaster.qld.gov.au

## आपातकालीन सम्पर्क विवरण

| | | |
|---|---|---|
| प्रहरी - अग्नि - एम्बुलेन्स | ट्रिपल जिरो (000) (मोबाइलबाट 112) | www.safer.qld.gov.au/Emergencies/Triple_Zero |
| मौसम विभाग | | |
| QLD सामान्य चेतावनी | 1900 969 922 (कल गरेको पैसा लाग्छ) | www.bom.gov.au |
| QLD ट्रपिकल साइक्लोन चेतावनी | 1300 659 212 | www.bom.gov.au/cyclone |
| QLD भू मौसम तथा बाढी चेतावनी | 1300 659 219 | www.bom.gov.au/hydro/flood/qld |
| QLD तटीय समुन्द्री चेतावनी | 1300 360 427 | www.bom.gov.au/marine |
| अस्ट्रेलियाइ सुनामी खतराको जानकारी | 1300 TSUNAMI<br>1300 878 6264 | www.bom.gov.au/tsunami |
| सामान्य आपातकालीन चेतावनी सङ्केत (SEWS) | | www.disaster.qld.gov.au/disasters/warning.asp |
| स्थानीय सरकारी निर्देशिका | | www.dip.qld.gov.au/local-government-directory.html |
| स्वास्थ्य तथा अस्पताल | 13 HEALTH (13 43 25 84) | www.health.qld.gov.au |
| विद्यालयहरू | | www.education.qld.gov.au |
| बिजुली आपुर्ति / रुकावट<br>- भुइँमा खसेको बिजुलीको तार<br>साउथ इस्ट QLD: | इनर्जेक्स (Energex): 13 19 62 | www.energex.com.au |
| अन्य सबै QLD का लागि: | एर्गन एनर्जी (Ergon Energy):<br>13 16 70 | www.ergon.com.au |
| - आपूर्ति तथा रुकावट<br>साउथ इस्ट QLD: | इनर्जेक्स (Energex): 13 62 62 | |
| अन्य सबै QLD का लागि: | एर्गन एनर्जी (Ergon Energy):<br>13 22 96 | |
| बन्द बाटोहरू -<br>साउथ इस्ट QLD: | 13 19 40 | www.131940.qld.gov.au |
| अन्य सबै QLD का लागि: | 1300 130 595 | |
| फोन<br>टेल्स्ट्रा (Telstra): | 132 203 | www.telstra.com.au |
| अपटस (Optus): | 1300 307 937 | www.optus.com.au |
| पशुहरू<br>वन्यजन्तु हटलाईन | 1300 130 372 | |
| RSPCA | 1300 852 188 | www.rspcaqld.org.au/emergencies |
| रोग सतर्कता हटलाईन<br>(पशु रोगको सूचना) | 1800 675 888 | www.dpi.qld.gov.au/27_127.htm |
| हराएको / बेपत्ता पशुहरू | | http://lostfound.rspcaqld.org.au/ |

यो पुस्तिकाको उद्देश्य जानकारी प्रदान गर्नु मात्र हो र यसलाई एउटा असल नियतमा उपलब्ध गरिएको छ।  कुनैपनि व्यक्तिले यस पुस्तिकामा उपलब्ध जानकारीमा भरोसा गरेको कारणले भोग्नु परेको वा प्रत्यक्ष वा परोक्ष रूपमा उत्पन्न भएको कुनैपनि हानि वा क्षति (सो का फलस्वरुप हानि वा क्षति लगायत) का सम्बन्धमा कुनैपनि व्यक्तिप्रति सामुदायिक सुरक्षा विभाग, आपातकालीन स्थिति व्यवस्थापन क्वीन्सल्याण्ड तथा राज्य आपातकालीन सेवा जिम्मेवारी रहने छैन।



Queensland Government